**गाउँ सभाका सदस्यहरु तथा अतिथि महानुभावहरु,**

यस गरिमामय सभाको नवौं गाउँसभामा थबाङ गाउँपालिकाका आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम सम्बोधन गर्दैगर्दा हामी सबैका लागि अवसर र गौरब ठानेको छु । यस गाउँ सभालाई सम्वोधन गरिरहँदा म संघीय शासन प्रणाली र समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापनाका लागि राष्ट्र र जनताको हितमा भएको १० वर्षे सशस्त्र जनयुद्ध, १९ दिनको जनआन्दोलन, मधेश आन्दोलनबाट प्राप्त संघीय लोकतान्त्रिक गन्तन्त्रको राजनैतिक आन्दोलनमा शाहदत प्राप्त गर्नु हुने थबाङ थबाङ गाउँपालिका वडा नं १ का तेजमान घर्ति (क.दृर्ग), थबाङ गाउँपालिका ४ का दिलकुमार पुन (क. ज्वार), थबाङ गाउँपालिका भित्रका  सम्पूर्ण सहिदहरु र समस्त राजनैतिक आन्दोलनमा साहदत प्राप्त गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पन गर्न चाहन्छु । राष्ट्रियता, राष्ट्रिय हित एवंम्  न्यायपूर्ण संघर्षको  नेतृत्व गर्नु हुने अग्रजहरुप्रति उच्च सम्मान गदै नेपाली समाजको रुपान्तरणमा सहयोग पुप्याउनु हुने राजनीतिक दल, बुद्धिजिवी, समाजसेवी, व्यापारी,व्यवसायी, पत्रकार, पेशाकर्मी, उधोगपति, शिक्षकबर्ग, कर्मचारी लगायत सबैको योगदानको स्मरण गर्न चाहन्छु । यस अवसरमा घाइते र वेपत्ता नागरिकहरुलाई सम्मान अर्पण गर्दछु ।

“यात्रा समृद्धिको” भन्ने मूल नाराकासाथ स्थानिय तहको पहिलो सरकार गठन र गाउँ सभाबाट अगाडि बढेको थबाङ गाउँपालिका संविधान कार्यान्वयनको पाँच वर्ष पुरा भएर पहिलो स्थानिय

सरकारको जनप्रतिनिधिहरुको कार्यकाल सम्पन्न भई गत जेठ ३० गते भएको दोस्रो स्थानिय तहको निर्वाचनबाट हामी निर्वाचित भई यस गाउँसभामा उपस्थित भएका छौ । पहिलो कार्यकाल पुरा गरि विदाई हुनुभएको थबाङ गाउँपालिका निर्वतमान जनप्रतिनिधिहरुलाई म यस गरिमामय सभाबाट सम्झन चाहान्छु, आज हामी यस सभामा उपस्थित हुदै गर्दा थबाङ गाउँपालिकाको जग बसालेर उहाँहरुले कोरेको बाटोमा हिड्नलाई हामीलाई जति सजिलो छ त्यती सजिलो पक्कै पहिलो स्थानिय सरकारलाई थिएन होला । पाँच वर्षे कार्यकाल पुरा गर्दा नेपालको संविधानले दिएको अधिकार क्षेत्र भित्र रही लोकतन्त्रको भावना अनुसार असिमित आवश्यकताहरुको विभिन्न प्रतिकुलताहरुको बीचमा पनि कार्यविधिहरुको निर्माण, बजेट कार्यन्वयन र कार्यक्रमहरुको विविध प्रयासहरुले अनुकुलता तर्फ अघि बढ्ने आधार तयार भएको छ। हामी त्यही बाटोमा टेकेर हाम्रो साझा प्रयासले आउने दिनमा थबाङ गाउँपालिकाका आम जनताको आवश्यकताहरुको पूरा गर्दै आफ्नो गन्तव्य पुरा गर्ने छौ भन्ने कुराको विश्वास गर्दछु । यसका लागि म हामी सवैको तर्फबाट निवर्तमान जनप्रतिनिहरुलाई हृदय देखी धन्यवाद र खुशी प्रकट गर्न चाहन्छु ।

**गाउँ सभाका सदस्यहरु तथा अतिथि महानुभावहरु,**

स्थानीय सरकार स्थापना भएबाट हालसम्म संचालन तथा सम्पादन गरिएका कार्यहरुबाट स्थानीयको कानुनी आधार निर्माण, प्रशासनिक व्यवस्था,र योजना प्रणली लगायतका क्षेत्रहरुमा कार्यपद्धति निर्माण भैसकेकाले अगामी आर्थिक वर्षमा जनअपेक्षाअनुरुप सेवा प्रबाह र बिकास निर्माणका कार्यहरुलाई

तिव्रता दिदै समृद्ध थवाङ , खुसी जनता को सोच र लक्ष्य हासिल गर्ने कुरामा विश्वास गरेको छु ।

थबाङ गाउापालिका रोल्पा जिल्लाकै एकदमै बिकट र उच्च पहाडी भु भागमा रहेको ठाँउ भएकोले हिउँदमा उच्च हिमपात त कहिले खडेरी हुने र वर्षामा एकदमै बाढी ,पहिरोको जोखिम हुने भएकाले यातायात लगायत दैनिक कार्य सन्चालनमा समस्याहरुको सामाना गर्नुपर्ने अबस्था रहेको छ र पनि एकातिर उच्च हिमपात बाढि पहिरो तथा प्राकृतिक प्रकोपले हाम्रो कामहरुमा बाधा पुऱ्याएपनि थबाङ गाउँपालिकाले सम्रगरुपमा आफ्नो लक्ष्य पुरा गर्न सकेको हामी सबैलाई अवगत नै छ ।

यस गरिमामय सभामा संघिय लोकतान्त्रिक व्यवस्थाको पहिलो अभ्यास, दक्षताको अभाव, दक्ष जनसक्ति तथा कर्मचारी अभाव, कोभिड महामारीको प्रभाव एवं लगायतका समस्याहरु पहिलो सरकारले झेल्न परेको कुरा नि हामी जानकार छौ ।

वास्तबमा थबाङबासी जनताको आर्थिक रुपान्तरण र आम जनतालाई उत्पादन र उत्पादकत्व सँग जोडदै आर्थिक वृद्धि र समृद्धिको यात्रामा अगाडी बढ्न यात्रा शुरुवातको कुरालाई विजोरोपण भैइसको छ। स्थानिय सरकार गठन हुनु भन्दा अगाडि पहिले र जनप्रतिनिधि नेतृत्वमा आइसके पश्चात हाल प्रत्येक वडा तथा टोलहरुमा सडक सन्जाल लगभग पुगेसकेको अवस्था छ । गाउँपालिका भित्र संघ र प्रदेश अन्तर्गतका केही सडकहरु स्तरउन्नती भएका छन भने केही सडक योजनाहरु स्तरउन्नतीको प्रक्रिया छन् । खास गरी गाउँपालिकाले महत्वपुर्ण मानेका सडक आयोजनाहरु जस्तै कन्डे जाजरकोट झेमनेटा सडक खण्ड,

तेलखोला भङरङ सडक आयोजना, दाङसगा भङरङ सडक आयोजना, टुटु, जायाँ, भित्रिवन मोटोरबाटो आयोजना, सिवरी मोटर बाटो आयोजना, घोराबाङ गुरासे फुन्टिबाङ सडक आयोजना, तिप्ला, ढुलिडाँडाडा चालाबाङ सडक योजना, लगायतका सडक सन्जालले हाम्रो गाउँबस्तीहरु सडक सन्जाल सँग जोडिएका छन् ।

आज यस पालिका अन्तर्गतका विद्यालय भवन निर्माण, शैक्षिक गुणस्तरको अभिवृद्धि तथा शैक्षिक जागरणको लागी विभिन्न कार्यक्रमहरु अगाडी बढेका छन् । जस्ले यस ठाउँको शैक्षिक अवस्था तुलनात्मक रुपमा निकै माथी उठ्ने सम्भावना छ जस्को जग स्थापन बसिसकेको छ । गाउँपालिको नमुना विद्यालय वीर बलभद्र नमुना माध्यामिक विद्यालय स्थापना भएको छ । शिक्षा क्षेत्रलाई आधुनिक र प्रविधिमैत्री बनाइ शिक्षाको थप गुणस्तरलाई बृद्धि गर्न यसै आर्थिक वर्षमा मा वि तहमा लागु हुने गरि प्रविधि मैत्री शिक्षालाई अगाडी बढाउने छौ भने गाउँपालिकाले समग्र गाउँपालिका भित्रको शैक्षिक अवस्थालाई मध्यनजर गर्दै शैक्षिक सम्भाव्यता अध्ययन पुरा भइसकेको छ । प्रस्तावना केन्द्रमा पेश गरेका छौ र यसको अन्तिम रुप दिदै कार्यान्वयन यसै आर्थिक वर्ष देखी शुरुवात गर्दै शैक्षिक अभियानकै रुपमा अगाडी बढाउदै यस्को निरन्तरताको आधारलाई बलियो बनाइ यसै आ.व लागु गर्ने छौ ।

यस अवधीमा हरेक वडामा कम्तीमा वडा आधारभुत स्वास्थ्य सेवा संचालन हुने गरी भौतिक निर्माण, स्वास्थ्य संरचना र त्यहा आवश्यक स्वास्थ्य सामाग्री र जनसक्ती परिचालनमा हामी पुर्ण रुपमा सफल्ता हासिल गरेका छौ भने केही थप स्तरउन्नतीको लागी भौतिक पुर्वाधार निर्माण कामलाइ पनि अगाडी बढाउने छौ

। अघिल्लो सरकाले निर्माण सम्पन्न गर्न वाकी रहेका गाउँपालिकाका निर्माणाधिन आयोजनाहरु झकेबाङमा निर्माणधिन थबाङ खेलमैदान, टुटु बजार खेल मैदान, युद्ध स्मारक तथा संगाहलय पार्क, सभा हल निर्माण, तेलखोला भङरङ सडक निर्माण , तिप्ला दुलीडाडा मोटरबाटो निर्माण, सयौ गन्तव्य मध्येको एक गन्तव्य जलजला पर्यटन प्रर्वद्धन कार्यक्रम लगायतका कार्यक्रम/आयोजनाहरुमा थप बजेट व्यवस्थापन तथा उक्त आयोजनाहरुलाई सम्पन्न गर्ने गरि काम अगाडी बढाइने छ ।

**गाउँ सभाका सदस्यहरु तथा अतिथि महानुभावहरु,**

यस गरिमामय सभाको नवौं अधिवेशनमा थबाङ गाउँपालिकाको आ.व. २०७९।०८० को नीति तथा कार्यक्रम सम्बन्धी सम्बोधन गर्न पाउदाँ मलाई गौरव अनुभुति भएको छ ।

अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

**आर्थिक विकास तर्फ** :

कृषि क्षेत्रलाई थबाङ गाउँपालिकाको प्रमुख आधार बनाउदै यसको व्यावसायीकरण र आधुनिकरण गरिने छ। "फलफूल खाउँ स्वस्थ्य रहौं" उद्देश्यका साथ "एक घर एक विरुवा" कार्यक्रमलाई निरन्तरता दिइने छ । थबाङ गाउँपालिकालाई जैविक क्षेत्र ( अर्गानिक जोन )को रुपमा विकास गरिने छ । कृषि पेशालाई आर्कषित, मर्यादित र उत्साहित गर्न किसान गाउँपालिकाबाट संयुक्त प्रयासबाट किसान पेन्सन कोषको व्यवसथा गरिने छ । कृषि तथा पशुपालन सम्बन्धी खोलिएका विभिन्न प्रकारका

फर्महरुलाई विशेष अनुदानको व्यवस्था मिलाइने छ । थबाङ गाउँपालिका भित्र कृषि उत्पादनलाई विशेष जोड दिएर आलु तथा तरकारी विउ उत्पादन, संकलन, हरितगृह (कोल्ड स्टोर ) निर्माण तथा प्रशोधन केन्द्र स्थापना गरिने छ ।

माटो परिक्षण गरि पकेट क्षेत्र, व्लक क्षेत्र निर्धारण गरिनेछ । ओखर, हलुवावेद, स्याउ, किवि, टिमुर, कागती, लगायतका फलफूल उत्पादनमा जोड दिइनेछ । अन्न बाली, पशुपालन विकास, पशु नश्ल सुधार, गोठ सुधार कार्यक्रमलाई निरन्तर दिइने छ । अल्लो उत्पादन, नेपाली कागज, बिविध प्रजातिका जडिबुटि उत्पादन अनुसन्धानमा  पहिचानमा जोड  दिईनेछ । सहकारी, निजी तथा सामादुायीक क्षेत्रसँग सहकारी गरी साना तथा घरेलु उद्योमी बिकासमा जोड दिईनेछ ।

**सामाजिक क्षेत्र तर्फ** :

शिक्षामा गुणस्तर बढाउन विभिन्न प्रकारका तालिम, शिक्षण सिकाईका कार्यक्रमहरु गरिने छ । बाल शिक्षामा जोड दिइने छ । उत्कृष्ट विद्यार्थी, अनाथ, विपन्न बालबालिकाहरुको लागि छात्रवृति व्यवस्था गरिने छ । पालिका भित्रको आर्थिक अवस्था कमजोर भएका विद्यार्थीको उच्च शिक्षाका लागि आर्थिक सहयोग कार्यक्रमलाई अगाडि बढाइने छ ।

उवा र मिरुलमा रहेका माध्यामिक विद्यालयलाई माध्यामिक तहमा प्राविधिक शिक्षा सहित कक्षा ११ र १२ संचालन गर्न पहल गरिने छ । यस गाउँपालिका भित्र रहेका प्रथामिक, आधारभुत र माध्यमिक विद्यालयमा गुणस्तरीय तथा व्यवहारिक शिक्षाका लागि आवश्यक भौतिक पुर्वाधार ( भवन, पुस्तकालय, कम्प्युटर

विज्ञान प्रयोगशाला, खानेपानी, विद्युत, संचार र खेलकुद सामग्री ) को व्यवस्था गरिने छ। माध्यमिक विद्यालय साथै आधारभुत र प्राथामिक विद्यालयहरुमा डिजिटल कक्षा संचालन गरिने छ । कम्प्युटर शिक्षाको लागि कम्प्युटर लगायतका आवश्यक शिक्षण सामग्रीहरु उपलब्ध गरिने छ । विद्यालय खेल मैदान, विद्यालय भवन निर्माण, बालबालिका मैत्री शौचालय निर्माणका योजनाहरुलाई निरन्तरता दिइने छ। बालविकास तथा प्राथामिक बिद्यालयहरुको स्तरउन्नतीको लागि पहल गरिनेछ।

झकेबाङमा निर्माणधिन १५ शैया अस्पताल निर्माणलाई निरन्तरता दिइने छ। शहिद बेपत्ता, घाइते अपाङ्ग, सुत्केरी, विपन्न परिवार र जेष्ठ नागरिकहरुका लागि पालिकाभित्र गरिने आधारभूत स्वास्थ्य उपचार निशुल्क गरिनेछ।

वडामा रहेका स्वास्थ्य केन्द्रहरुलाई स्तरउन्नती गरिनुको साथै गउँघर क्लिनिङ कार्यक्रमलाई प्रभावकारी गराइने छ।  निशुल्क वितरण गरिने औषधीहरु सर्वसुलभ उपलब्धताको सुनिश्चितता गरिने छ । बालमैत्री, पूर्ण खोप, सरसफाईमा जोड दिइने छ । गर्वभती महिलाहरुका लागि निशुल्क भिडियो एक्सरे र ल्याब परिक्षण गरिने छ र वर्थीङ सेन्टरमा सुत्केरी हुन आउने सुत्केरीआमाहरुको लागि रु २००० का दरले यातायता सुबिधाको प्रदान गरिनेछ । बालबालिका, दलित, अपाङ्ग, जेष्ठनागरिक, आर्थिक रुपमा पछाडि परेका वर्गका लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिने छ। जेष्ठनागरिक, अपाङ्ग तथा एकल महिलाको परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिइने छ । थबाङ गाउँपालिकाको लोपउन्मुख कला संस्कृति प्रवर्द्धनमा जोड दिइने छ। सामाजिक कार्यको लागि युवा क्लबहरुलाई अगाडि बढाइने

छ । खेलकुद विकासका लागि विभिन्न खेलकुद कार्यक्रमहरुमा जोड दिइने छ । युवाहरुका लागि सीपमुलक तालिमको आयोजना गरी स्वरोजगार बन्न र साना उद्योगहरु सञ्चालन गर्न युवा लक्षित कार्यक्रमका लागि कार्यान्वयन गरिने छ । गाउँपालिका स्तरमा खेलकुद प्रतिस्ठान गठन गरिने छ र यसले समग्र गाउँपालिकाको खेलकुद जगतमा थप अव्वल हुन ठेवा पुग्ने छ । व्यडमिन्टन कर्भडहल निर्माण गरिनुको साथै प्रत्येक टोल वडामा समेत खेलकुद पुर्वाधार निर्माण गरिने छ ।

"स्वच्छ पानी, स्वस्थ जिवन" भन्ने नाराका साथ एक घर एक धारा खानेपानी योजना कार्यक्रमलाई अगाडी निरन्तरता दिइने छ । वातावरण मैत्री आधुनिक चुलो व्यवस्था कार्यक्रमलाई अगाडि बढाइने छ ।

## पूर्वाधार विकास तर्फः

जनअपेक्षित आयोजनाहरुको प्राथामिकरण गरी अगाडी बढाइनेछ । प्रदेश संघ बाट सन्चालित सडक निर्माण योजना वन बातावरण सम्वन्धि कार्यक्रमहरुको निरन्तरता कार्यान्वयनमा जोड दिइनेछ । निर्माणधिन भवन निर्माण,सडक निर्माण,खानेपानि निर्माण कार्यहरुलाई निरन्तराता दिइनेछ । सुलीचौर फुलीवन उवा थवाङ मोटरबाटो र मिरुल थवाङ शहिद मार्ग बाटो स्तरउन्नती तथा कालोपत्रे गर्ने कार्यलाई पहल गरिनेछ । तत्काल गाउँपालिकाको प्राथामिकताको आधारमा भवन निर्माण मोटरबाटो खानेपानि, पुल, पैदलबाटो(सोलीङ, सिडि), शौचालय लगायतका पूर्वाधार निर्माण कार्यहरु अगाडि बढाइनेछ । प्रदेश सघ बिभिन्न संघ, सस्था र दातृ निकाय सँगको साझेदारी कार्यक्रमहरुको सहकार्यमा जोड

दिइनेछ । उज्यालो कार्यक्रमको लागि विद्युतीय प्रसारणको सवस्टेशन निर्माणको तयारीमा रहेको र त्यसलाई समयमै काम सम्मन्न गर्ने तर्फ सम्बन्धी निकायमा ध्यानाकर्षण तथा समन्वय गरिने छ । नेपाल सरकारले विगत केही वर्ष यता उज्यालो नेपालको अभियानलाई प्रथामिकता साथ अगाडी बढाएतापनि यस गाउँपालिकामा अझैपनि विद्युतिकरण नहुदा अध्यारोमा वस्न परेको विशम परिस्थितिलाई मध्यनजर गर्दै यसै आ.व.मा विद्युत सेवा विस्तार गर्ने कार्यलाई प्राथमिकतासाथ सम्मन्न गर्ने गरि सम्बन्धीत निकाय सँग सहकार्य गरिने छ ।

थवाङ गाउँपालिकाको दिगो विकास तथा शुसासनको लागि बनाएको कृषि अनुदान ऐन, घाइते जेष्ठनागरिक सम्बन्धी कार्यविधि, स्वास्थ्य लगायतका विविध कार्यविधिहरुको साथ आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र, वातावरण तथा विपद व्यवस्था र वन सम्बन्धी कार्य, संचार क्षेत्रमा भएको पहल, संस्थागत विकास तथा सुशासन सेवा कार्यक्रम, मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम, समुन्नत परियोजन, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमसँगको साझेदारी कार्यक्रमहरु र विभिन्न संघ संस्था, प्रदेश सरकार, संघिय सरकारबाट प्राप्त कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।

**वन, वातावरण तथा विपद् व्यवस्था तर्फ :**

“विपद सबैलाई पर्छ, हामी जुटे सजिलै टर्छ” भन्ने मान्यता अनुसार विपद व्यवस्थापन कोषलाई व्यवस्थीत गरिनेछ । वन संरक्षण, जलवायु अनुकुलन, र वातावरणीय दिगो विकासका कार्यक्रमलाई अगाडी बढाइने छ । वन तथा भूसंरक्षणका

कार्यक्रमहरु सञ्चालन गरिने छ । वैज्ञानिक वन व्यवस्थापनको लागि पहल गरिने छ । पहिरो, नदिकटान रोक्न आवश्यक तत्बन्धनका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ । जलजला क्षेत्रलाई संरक्षणका लागि आवश्यक पहल गरिन छ । जलजला क्षेत्रमा पाइने रेडपाण्डा लगायत विभिन्न वन्यजन्तु संरक्षण गर्ने कार्य अगाडी बढाइने छ । नेपाल सरकारले सन् २०२८ सम्ममा अनिवार्य विपद् व्यवस्थापनको रनणैतिक कार्ययोजना बनाउने लक्ष्य बमाजिम यसै आ.व मा विपद् व्यवस्थापनको रनणैतिक कार्ययोजना तयार गरिने छ । जोखिम युक्त गाउँहरु भुक्षय नियन्त्रणका लागि आवश्यक कार्यक्रम कार्यान्वयन गरिने छ । फोहोरमैला व्यवस्थापन कार्यलाई अगाडि बढाइने छ । तालतलैया संरक्षण र निर्माण कार्यलाई अगाडि बढाइने छ ।

**सुशासन तथा संस्थागत विकास तर्फ :**

मानव संसाधन सम्बन्धी तथ्याङ्कहरुलाई व्यवस्थित गरिने छ । नागरिक सहायता कोष स्थापना गरि कार्यान्वयनमा लिइने छ । ज्येष्ठ नागरिक सम्मान तथा सामाजिक सुरक्षाको कार्यक्रम अन्तर्गत लाभग्राही विवरण अद्यावधि गर्दै अनलाइनलाई प्रणाली तथा वैंङ्कि प्रणालीलाई समेत लागु भइसकेको छ । नेपाल सरकारको निति बमोजिम २०२४ साल सम्म सबै नेपाली नागरिकको व्यक्तिगत घटना दर्ता सम्पन्न गरि सक्नुपर्ने अवस्थालाई मध्यनजर गर्दै व्यक्तिगत घटना दर्ता अन्लाईन प्रणालीमा हाल सम्म भएका सम्पुर्ण व्यक्तिगत घटनाका विवरणलाइ अद्यावधिक गर्न सफल भएका छौ भने हाल अनलाइन प्रणाली मार्फत व्यक्तिगत घटना दर्ता कार्य वडा नं १ र २ मा संचालन भइसकेको र अन्य वडा नेटका पहुचलाई विस्तार गर्दै

यसै आ.व देखि अनलाइन प्रणाली मार्फत व्यक्तिगत घटना दर्ता कार्य अगाडी बढाईने छ ।

गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन उपलब्ध गराइने छ । थबाङ गाउँपालिका दैनिक प्रशासनलाई जनसेवामुखी, प्रभावकारी, सरल, सर्वसुलभ, परिणामुखी र पारदर्शी ढंगले संचालन गरिने छ । संविधानले, कानुनले दिएको अधिकार बमोजिम प्रत्येक नागरिकले व्यापार र व्यवसाय गर्ने अधिकार सुनिश्चिता गरिने छ। भ्रष्टचार पुर्णरुपमा नियन्त्रण गरिने छ। जनगुनासो सुन्ने छुट्टै  गुनासो डेस्क स्थापना गरिने छ । गाउँपालिकाले गरेका हरेक गतिविधिलाई पारदर्शिता र जवाफदेहिता बनाउनको लागि चौमासिक रुपमा सार्वजनिक सुनुवाई गरिने छ ।

**भाषा, साहित्य, कला, संस्कृति र भेषभुषा :**

गाउँपालिकामा भाषा साहित्य कला संस्कृति र भेषभुषा र संस्कृतिक प्रतिष्ठानको स्थापना गरी त्यसमार्फत यस क्षेत्रको भाषा भेषभुषा तथा परम्परागत मौलिक र सांस्कृतिक पहिचानलाई संस्थागत गरी संरक्षण विकास र सम्वर्द्धन गरिने छ । महान चाडका रुपमा भूम्या पर्व, राँके तिवार र माघे संक्रान्तिलाई यस गाउँपालिकाको प्रमुख चाडका रुपमा मनाइने छ । यसलाई व्यवस्थित र मर्यादित बनाइने छ ।

**सुचना तथा संचार :**

सरकारी सेवा प्रदायक निकायको दक्षता, जबाफदेहिता, पारदर्शिता, प्रभावकारिता शासन सुनिश्चित गर्न विभिन्न रेडियो, पत्रिका, अनलाइन र मोबाइल एप्स मार्फत सुचना प्रवाहलाई जोड दिइनेछ । संचार माध्यमहरु सँग सहकार्य गरि स्थानिय सरकारको गतिविधी तथा उपलब्धिको संम्प्रेषण र जनताको राय सुझाव प्राप्त गर्न रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गरिने छ । आयोजनाहरुको केही सम्भाव्य अध्ययन र डि.पि.आर, गाउँपालिकाको डिजिटल प्रोफाइल अध्यावधिक गर्ने र आवधिक योजनालाई यसै आर्थिक वर्ष पुरा गरिनेछ। यसलाई जबाफदेहिता, पारदर्शिता, प्रभावकारिता शुनिश्चित गर्न सुचना प्रभावहको लागि गाउँपालिकाको वेवसाइट तथा पत्रपत्रिकामा सुचना प्रकासन गरिने छ।

अन्तमा लामो संघर्षपछि प्राप्त संघीय व्यवस्थामा निर्दृष्ट उपलब्धीहरुलाई संस्थागत गर्दै थबाङ गाउँपालिकाको समृद्धिको यात्रा यसै नीति कार्यक्रमद्धारा संभव हुने कुराको विश्वास गर्दछु । उपस्थित यहाँहरु सबैमा धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।

ऋषिकेशव बुढा मगर
अध्यक्ष